10/14/22, 11:07 AM 001.jpg (2550×3507)

फोन: ०६१५०६४०४

# मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### थुमाकोडाँडा, कास्की
### गण्डकी प्रदेश, नेपाल

मादी गाउँपालिका

प.सं २०७९/०८०

स्थानीय सेवा (गठन, सञ्चालन) अध्यादेश २०७९ बमोजिम तहवृद्धि गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति :- २०७९/०६/२६
सूचना नं.:- ०१/२०७९-८० (तहवृद्धि)

स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९ को दफा २८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको मापदण्ड एवं न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको वर्षको कार्यसम्पादन मुल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उपसमूह भित्रको पदमा तहवृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा २८ बमोजिमको योग्यता पूरा गरेका तथा दफा ३२ बमोजिमको नकरात्मक सूचीमा नपरेका, तहवृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले मादी गाउँपालिकाको वेबसाइट www.madimunkaski.gov.np मा रहेको तहवृद्धिको आवेदन फारममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी मिति २०७९/०७/०१ गते सम्ममा मादी गाउँपालिकाको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ । म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

गोपी कृष्ण अर्याल
प्रमुख प्रशासकीय अधिकृत



file:///C:/Users/DELL/Desktop/001.jpg 1/1